# हिमालयन रिइन्स्योरेन्स लिमिटेड
# Himalayan Re-insurance Limited

रजिष्टर्ड कार्यालय : वडा नं. १, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : ललिता भवन, महाराजगञ्ज, काठमाडौं
फोन नं.: ०१-४००३१२२, ४००३१२३, ४५४३४३२
इमेलः contactus@himalayanre.com, वेबसाइटः www.himalayanre.com

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

हिमालयन रिइन्स्योरेन्स लिमिटेडको कुल जारी पूँजी रु.१०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) को ३० प्रतिशतले हुन आउने रु.३,००,००,००,०००/- (अक्षरेपी तीन अर्ब रुपैयाँ मात्र) रकम बराबर प्रति शेयर रु.१००/- अंकित दरका ३,००,००,००० कित्ता साधारण शेयरमा प्रिमियम वापत रु.१०६/- थप गरी प्रति शेयर रु.२०६/- अंकित दरले हुन आउने रु.६,१८,००,००,०००/- (अक्षरेपी छ अर्ब अठार करोड रुपैयाँ मात्र) सर्वसाधारणको लागि निष्काशन गरिने छ । सो मध्ये १० प्रतिशत अर्थात् ३०,००,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई **आज मिति २०८० मंसिर ४ गते सोमबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १०** | **दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ३,००,०००**

**दरखास्तसाथ प्रति शेयर रु.१००/- मा प्रिमियम वापत रु.१०६।- थप गरी प्रति शेयर रु.२०६।- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

| सि.नं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | हिमालयन रिइन्स्योरेन्स लिमिटेड, महाराजगञ्ज, काठमाडौं र वेबसाइट www.himalayanre.com |
| २. | एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं र वेबसाइट www.nmbcl.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | वैदेशिक रोजगारमा रहेका नेपालीहरुले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सक्नेछन् । |

### वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि

| | | |
|---|---|---|
| **निष्काशन खुल्ला मिति** | : | **२०८०/०८/०४ गतेदेखि** |
| **निष्काशन बन्द हुने मिति** | : | **२०८०/०८/१८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म** |

### कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी

| विवरण | वास्तविक | | अपरिष्कृत २०८० आषाढ मसान्तसम्म | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०८०/८१ | आ.व.०८१/८२ | आ.व.०८२/८३ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.१३ | १०३.०७ | ११०.९२ | १४९.७१ | १६५.२३ | १८८.०९ |
| प्रति शेयर आम्दानी (रु.) | ०.१३ | ४.१७ | ६.३२ | १०.२६ | १५.५२ | २२.८६ |
| संचित नाफा/नोक्सान (रु. हजारमा) | ९,४२४ | २९२,१०८ | ४४२,४३१ | १,०२६,४६३ | १,५५२,१०० | २,२८६,१८९ |

### रेटिङ्ग सम्बन्धी विवरण

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८०/०३/१८ मा "[ICRANP-IR]A-" (Pronounced ICRA NP Issuer Rating A) प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR]A-" ले Adequate degree of safety regarding timely servicing of financial obligations जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR]AAA देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा [ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR]D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । सो रेटिङ्गको वैद्यता अवधि मिति २०८१/०३/१७ सम्म रहनेछ ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८० कार्तिक ३ गतेको "कारोबार"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेबसाइट www.himalayanre.com, नेपाल धितोपत्र बोडको वेबसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nmbcl.com.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्व:विवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**NMB CAPITAL**
**एनएमबि क्यापिटल**

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ९७७-०१-४५३७९६३
इमेलः info@nmbcl.com.np वेबसाइटः www.nmbcl.com.np